# पत्रुसको दोस्रो पत्र

१ येशू ख्रीष्टको प्रेरित औ सेवक शिमोन पत्रुसद्वारा
अभिवादन।

तिमी सबै मानिसहरू प्रति, जसको विश्वास छ, जो
हाम्रो जस्तो मूल्यवान छ। तिमीहरूले त्यो विश्वास प्राप्त
गरेका छौ किनभने हाम्रा परमेश्वर अनि उद्धारकर्ता येशू
ख्रीष्ट न्यायपूर्ण हुनुहुन्छ। उहाँ जे उचित छ त्यही गर्नु
हुन्छ।

२तिमीहरूलाई अधिक भन्दा अधिक अनुग्रह अनि
शान्ति प्रदान गरियोस्। तिमीहरूले अनुग्रह अनि शान्ति
प्राप्त गर्नेछौ, किनकि तिमीहरूले परमेश्वर अनि हाम्रा
प्रभु येशूलाई चिन्दछौ।

### हामीलाई चाहिएका हरेक चीज परमेश्वरले प्रदान गर्नु भएको छ

३येशूसित परमेश्वरको शक्ति छ। उहाँको शक्तिले
हामीलाई जीउनु अनि परमेश्वरको सेवा गर्नु चाहिएको
हरेक चीज प्रदान गेरको छ। हामीसित यी कुराहरू छन्,
किनभने हामी उनलाई जान्दछौ। येशूले उहाँको महिमा
अनि भलोपनद्वारा हामीलाई आह्वान गनुभयो। ४उहाँको
महिमा अनि भलोपनद्वारा येशूले हामीलाई महान अनि
मूल्यवान प्रतिज्ञाहरू प्रदान गर्नुभयो। ती प्रतिज्ञाहरूबाट
तिमीहरू दिव्य-तत्वमा अंश ग्रहण गर्नु अनि दुष्ट
वासनाहरूले गराएको संसारको ध्वंसबाट उम्कन सक्नेछौ।
५यसकारण यी कुराहरू तिमीहरूको जीवनमा थप्न
सके सम्म प्रयास गर। तिमीहरूको आफ्नो विश्वासमा
भलोपन अनि ज्ञानमा भलोपन थप। ६अनि तिम्रो बुद्धिमा
आत्मा नियन्त्रण थप, अनि तिम्रो आत्मा नियन्त्रणमा
धैर्य थप, अनि तिम्रो धैर्यमा परमेश्वरको सेवा थप।
७अनि तिम्रो परमेश्वर प्रतिको सेवामा तिम्रा भाइ-बहिनीहरू
प्रति स्नेह थप, अनि आफ्ना भाइ-बहिनीहरू प्रतिको
स्नेहमा प्रेम थप। ८यदि यी जम्मै कुराहरू तिमीहरूमा
छन् अनि तिनीहरू वृद्धि हुँदैछन् भने यी कुराहरूले
तिमीहरूलाई निकम्मा नबनिनुमा मद्धत दिनेछन्। यी
कुराहरूले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको विषयमा
पूर्ण ज्ञान लिनु सबैले सहयोग पुर्‍याउने छ। ९तर यदि
कुनै व्यक्तिसित यी कुराहरू छैन भने उसले स्पष्ट देख्न
समर्थ हुदैन। त्यो व्यक्ति अन्धा हो। उसले यो भूलेको
छ कि उसलाई विगत पापहरूबाट स्वच्छ तुल्याइएको
छ।

१०मेरा भाइ-बहिनीहरू, परमेश्वरले तिमीहरूलाई
बोलाउनु भएको छ अनि उनको मानिस बनिनु चुनेकाछन्।
तिमीहरू बोलाइएका हौ औ आफ्नो मानिसहरू बनाउनु
चुनिएका हौ भन्ने प्रमाण गर्नु भरमग्दुर चेष्टा गर्नु पर्छ।
यदि तिमीहरूले ती सबै कुराहरू मान्यौ भने तिमीहरू
कहिल्यै ढल्ने छैनौ। ११अनि तिमीहरूलाई हाम्रा प्रभु
अनि उद्धारकर्त्ता येशू ख्रीष्टको राज्यमा विशाल स्वागत
गरिनेछ। त्यो राज्य सदा सर्वदा चलिरहन्छ।
१२तिमीहरू यी कुराहरू जान्दछौ। तिमीहरूसित भएका
सत्यताको विषयमा तिमीहरू दृढ़छौ। तर तिमीहरूलाई यी
कुराहरू सम्झना गराउन म सदैव सहायता गर्नेछु। १३म
सम्झन्छु यो पृथ्वीमा जब सम्म बाँच्छु, तिमीहरूलाई यी
कुराहरू सम्झाउन उचित सम्झन्छु। १४म जान्दछु मैले
यो शरीर चाँडै त्याग गर्नुपर्छ। हाम्रा प्रभु येशू ख्रीष्टले
त्यो मलाई दर्शाउनु भएको छ। १५म जति सक्छु
तिमीहरूलाई सदैव यी कुराहरू स्मरण गराउने कोशिश
गर्नेछु। म इच्छा गर्छु कि मेरो मृत्यु पछि पनि यी
कुराहरू सम्झन तिमीहरू समर्थ बनी रह।

### हामीले ख्रीष्टका महिमा देख्यौ

१६हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको
शक्तिको बारेमा व्याख्या गरेकाछौं। हामीले तिमीहरूलाई
उनको आगमनको विषयमा भन्यौ। हामीले तिमीहरूलाई
जे व्याख्या गरयौं ती मानिसहरूले रचेका चतुर कथाहरू
होइनन्। हामीले आफ्नै आँखाले येशूको महानता देख्यौ।

१७येशूले महानतम महिमाको आवाज सुने। त्यो त्यस
समयको कुरा हो जब येशूले पिता परमेश्वरबाट सम्मान
अनि महिमा पाउनु भयो। त्यो आवाजले भन्यो, “यो
मेरो प्रिय छोरो हो, अनि म यसलाई प्रेम गर्छु। म
उसित अत्यन्त खुशी छु।” १८अनि हामीले त्यो आवाज
सुन्यौ। जब हामी येशूसित पवित्र पर्वतमा थियौ यो
स्वर्गबाट आयो।

१९यसले हामीलाई अगमवक्ताहरूले भनेका कुराहरूमा
अधिक निश्चित तुल्याउँछ। अनि अगमवक्ताहरूको भनाई
अनुसरण गरेर तिमीहरूले राम्रो गर्नेछौ। उनीहरूको
भनाई अन्धकारमा बत्ति चम्केको जस्तै हो। यो बत्ति
बिहान नहुञ्जेलसम्म र बिहानी तारा तिमीहरूको हृदयमा
प्रकाश दिन नझुल्केसम्म रहने छ। २०तिमीहरूले बुझ्नु
पर्ने मुख्य कुरा यो छ: धर्मशास्त्रको अगमवाणी* कुनै
अगमवक्ताको व्याख्याबाट आएको होइन। २१किनभने
अगमवाणी मानिसको इच्छाबाट आएन। तर मानिसहरूलाई
पवित्र आत्माले डोऱ्याएको थियो अनि परमेश्वरका
वचनहरू भने।

### झूटा शिक्षकहरू

२ विगत समयमा झूटा अगमवक्ताहरू परमेश्वरका
मानिसहरूको बीचमा थिए। त्यसरी नै झुटा शिक्षकहरू
तिमीहरूको समूहमा रहन्छन्। तिनीहरूले झूटा शिक्षाहरू
दिन्छन्, ती शिक्षाहरूले मानिसहरूलाई ध्वंशतिर तान्छ।
तिनीहरूले मालिकलाई ग्रहण गर्न पनि अस्वीकार गर्छन्
जसले तिनीहरूको लागि मुक्ति ल्याए। अनि तिनीहरू
स्वयंलाई चाँडै ध्वंश पार्नेछन्। २धेरै मानिसहरू तिनीहरूले
गरेका नराम्रा कुराहरू अनुसरण गर्छन्। तिनीहरूले गर्दा
सत्य पथलाई अरू मानिसहरूले आलोचना गर्छन। ३ती
झूटा शिक्षकहरूले तिमीहरूबाट पैसा मात्र चाहने छन्।
यसरी तिनीहरूले तिमीहरूलाई झूटा कथाहरू भनेर
शोषण गर्नेछन्। तर ती झूटा शिक्षकहरूको विरुद्ध धेरै
अघि नै न्याय तयार भएको छ। अनि उनी एकबाट
जसले तिनीहरूलाई ध्वंश पार्नेछन् तिनीहरू उम्कन पाउने
छैनन्।

४जब स्वर्गदूतहरूले पाप गरे तिनीहरूलाई दण्ड
विहीन जान दिइएन। अहँ परमेश्वरले तिनीहरूलाई
नरकमा पठाए। परमेश्वरले ती स्वर्गदूतहरूलाई अन्धकार
गुफामा राखे। तिनीहरूलाई न्याय नगरूञ्जेल त्यहीँ राख्नेछन्
५अनि परमेश्वरले ती मानिसहरूलाई दण्ड दिए जो धेरै
अघि जीवित थिए। परमेश्वरले संसारमा बाढ़ी ल्याउनु
भयो जुन मानिसहरूले भरिएको थियो जो परमेश्वर
विरोधी थिए। तर परमेश्वरले नूहसित सात अन्य
मानिसहरूलाई बचाए। नूह त्यो व्यक्ति थिए जसले
मानिसहरूलाई ठीक ढङ्गले बाँच्नु उपदेश दिन्थे। ६अनि
परमेश्वरले दुष्ट नगरहरू सदोम अनि गमोराहलाई दण्ड
दिए। परमेश्वरले ती नगरहरूलाई खरानीमा परिवर्तन
नहुञ्जेल जलाए। परमेश्वरले ती नगरहरूलाई जो पछि
आउने समयमा परमेश्वरको विरुद्ध जानेहरूमाथि उदाहरण
स्वरूप उपयोग गरे। ७तर परमेश्वरले ती नगरहरूबाट
लूतलाई बचाए। लूत खुबै असल व्यक्ति थिए। नराम्रा
मानिसहरूको फोहोर जीवनको कारण तिनले कष्ट पाए।
८लूत एक असल व्यक्ति थिए, तर तिनी प्रतिदिन ती
दुष्ट मानिसहरूसँग बसेका थिए। लूतको असल हृदय
तिनले दिनहु देखेका अनि सुनेका नराम्रा कुराहरूमा
दु:खी भएको थियो। ९हो, परमेश्वरले यी सबै कुरा
गरे। जब कष्ट आई पर्छ जसले आफ्नो सेवा गर्छन्
तिनीहरूलाई बचाँउनु प्रभु परमेश्वर जान्नु हुन्छ। अनि
उहाँले जान्नु हुन्छ न्यायको दिन सम्म ती दुष्ट मानिसहरूलाई
कसरी अड़काउनु पर्छ। १०जो मानिसहरू तिनीहरूको
पापमय तत्वको वासना अनुसार कुकर्म गरेर बाँच्ने औ
ती मानिसहरू जो परमेश्वरको अधिकार अस्वीकार
गर्नेहरूलाई परमेश्वरले खास दण्ड दिनुहुनेछ।

यी झूटा शिक्षकहरू आफूले चाहेका केही पनि
गर्दछन्, अनि तिनीहरू स्वयं गर्व गर्छन्। तिनीहरू
महिमामय स्वर्गदूतहरूको विरुद्ध नराम्रा कुरा गर्न डराउँदैनन्।
११स्वर्गदूतहरू यी झूटा शिक्षकहरू भन्दा अधिक
पराक्रमी अनि शक्तिशाली छन्। तर स्वर्गदूतहरूले झूटा
शिक्षकहरूलाई दोषारोपन गर्दैनन् अनि तिनीहरूको बारेमा
प्रभु अघि निन्दा गर्दैनन्। १२तर यी झूटा शिक्षकहरू
तिनीहरूले बुझेका कुरामा निन्दा गर्छन्। यी झूटा
शिक्षकहरू, जंगली पशुहरू जस्तै मारिनुको निम्ति मात्र
जन्मेका छन्, केही विचार नगरी काम गर्छन्। अनि यी
झूटा शिक्षकहरू जंगली पशुहरू जस्तै नष्ट हुनेछन्।
१३यी झूटा शिक्षकहरूले धेरै मानिसहरूलाई चोट
पुरयाँउछन्। यसर्थ तिनीहरूले पनि चोट पाउनेछन्। त्यो
तिनीहरूले गरेको कर्मको ज्याला हुनेछ। यी झूटा
शिक्षकहरू, सबै मानिसहरू समक्ष आनन्द लिइने खेल

---

**अगमवाणी** परमेश्वरबाट दिइएको शिक्षा अथवा समाचार।

भैँ कुकर्मलाई लिन्छन्। तिनीहरू कुकर्ममा आनन्द
लिन्छन् यसले तिनीहरूलाई खुशी पार्छ। यसर्थ तिनीहरू
तिमीहरूमाझ फोहोर कलङ्क अनि दागहरू जस्तै हुन्।
तिमीहरूसित साधरण भोजनमा भाग लिन्छन्। तिमीहरूलाई
लज्जित तुल्याउँछन्। [14]हरेकपल्ट तिनीहरू स्त्रीलाई ताक्छन्,
अनि तिनीहरू उसैलाई चाहन्छन्। यी भूटा शिक्षकहरू
सदैव पाप गरिरहन्छन्। तिनीहरूले कमजोर मानिसहरूलाई
पापको जालमा फसाउँछन्। तिनीहरू आफैले स्वार्थी हुन
प्रशिक्षण लिएका छन्। तिनीहरू श्रापित छन्। [15]यी
भूटा शिक्षकहरूले उचित मार्ग छोड़काछन् अनि तिनीहरूको
जीवनलाई अनुचित मार्गमा लगेकाछन्। तिनीहरूले त्यही
मार्ग अनुसरण गरे जुन मार्गमा बालाम हिँड़ेका थिए।
बालाम बोअरका छोरा थिए। नराम्रो काम गरेको ज्याला
उसले उत्साहले स्वीकार गरे। [16]तर एउटा गधाले
बालामको कुकर्ममा ध्यानाकर्षण गरायो। अनि गधा
एउटा पशु हो जो बोल्न सक्तैन। तर त्यो गधा
मानिसको आवाजमा बोल्यो अनि त्यसले बालामलाई
उसको पागल सोचाईलाई रोक्यो।

[17]ती भूटा शिक्षकहरू ती जल श्रोत जस्तै हुन्
जसमा पानी छैन। तिनीहरू ती मेघहरू जस्तै हुन्
जसलाई आँधीले उड़ाउँछ। तिनीहरूका निम्ति घोर
अन्धकारमा एक स्थान राखिएको छ। [18]ती भूटा
शिक्षकहरू त्यस्ता वचनहरूमा गर्व गर्छन् जसको केही
अर्थ छैन। तिनीहरूले मानिसहरूलाई पापको जालमा
फसाउँछन्। तिनीहरूले, यस्ता मानिसहरूलाई आकर्षित
गराइरहेछन् जो मानिसहरू कुकर्म गर्नेहरूबाट टाढ़ा रहन
शुरू गर्दैछन्। ती भूटा शिक्षकहरूले, आफ्ना पापपूर्ण
प्राकृतिक वासनाबाट हुने दुष्ट कर्मको सहायताले यो
गर्छन्। [19]ती भूटा शिक्षकहरू स्वतंत्रता प्राप्तिको बचन
दिन्छन्। तर ती भूटा शिक्षकहरू स्वयं स्वतन्त्र छैनन्।
तिनीहरू ती ध्वंशात्मक कुराहरूका दास हुन्। एक
व्यक्ति त्यस वस्तुको दास बन्दछ जसले उसलाई अधिकारमा
राख्छ। [20]ती मानिसहरू संसारका नराम्रा कुराहरूबाट
मुक्त तुल्याइएका थिए। तिनीहरूलाई हाम्रा प्रभु अनि
उद्धारकर्त्ता येशू ख्रीष्टलाई चिनेर मुक्त गराइएका थिए।
तर यदि तिनीहरू अभ ती चीजहरू तिर फर्किन्छन्
अनि तिनीहरूको नियन्त्रणमा रहन्छन भने तिनीहरूको
अहिलेको अवस्था शुरूमा भन्दा खराब रहनेछ। [21]हो,
तिनीहरूलाई दिइएको पवित्र शिक्षाबाट सही मार्ग चिन्नु
अनि त्यसबाट फर्कनु भन्दा सही मार्ग तिनीहरूले
कहिल्यै नचिनेको असल हुनेथ्यो। [22]तिनीहरूलाई जे
भयो त्यसले यो उखानलाई सिद्ध गर्छ: "जब एउटा
कुकुरले बान्ता गर्छ त्यो आफूले बान्ता गरेको तिर
फर्की आउँछ।"* अनि "सुँगुरलाई नुहाइदिए पछि त्यो
फेरि हिलोमा लडी-बड़ी गर्न फर्कन्छ।"

### येशू फेरि आउनु हुनेछ

३ मेरा मित्रहरू, यो तिमीहरूलाई मेरो दोस्रो पत्र हो।
मैले तिमीहरूको इमान्दारी हृदयहरूलाई केही चीजहरू
सम्झनु सहायता होस् भनी यी दुइवटा चिट्ठीहरू लेखें।
[2]धेरै अघि पवित्र अगमवक्ताहरूले भनेको कुराहरू
तिमीहरूले याद राख भन्ने म चाहान्छु। अनि ती आदेश
सम्भ जो हाम्रा प्रभु अनि उद्धारकर्त्ताले हामीलाई
दिनुभयो। हामीलाई त्यो आदेश उहाँले तिमीहरूका
प्रेरितहरू मार्फत दिनु भयो। [3]तिमीहरूले बुझ्नै पर्छ कि
अन्तिम दिनहरूमा के हुनेछ। मानिसहरू आउनेछन्
जसले तिमीहरूलाई खिसी गर्नेछन्। ती मानिसहरू
तिनीहरूको इच्छाले मागेको कुकर्महरू गरेर बाँच्नेछन्।
[4]ती मानिसहरूले भन्नेछन्, "उनले फेरि आउने प्रतिज्ञा
गरेका छन्। यो प्रतिज्ञा के भयो? हाम्रा पुर्खा मरे। तर
संसार सृष्टि भएको समय देखि प्रत्येक वस्तु त्यही
प्रकारले चलिरहेको छ।" [5]तर ती मानिसहरू, धेरै अघि
के घटेको थियो सो सम्भन चाहँदैनन्। आकाशहरू
थिए अनि परमेश्वरले जलबाट जल र पृथ्वी सृष्टि गर्नु
भयो। यी सबै परमेश्वरको बचन अनुसार हुन गयो।
[6]तब त्यस संसार जो अस्तित्वमा रहेको थियो, बाढ़ी
आयो अनि पानीले ध्वंश पार्‍यो। [7]अनि परमेश्वरको
त्यही बचनले आकाश अनि पृथ्वी आगोले नष्ट पार्न
राखिएको छ। आकाशहरू अनि पृथ्वी न्यायको दिनको
निम्ति आरक्षित राखिएकोछ अनि परमेश्वरका विरुद्धका
सबै मानिसहरू संहार गरिनेछ।

[8]यो एक कुरा नबिर्स, प्रिय मित्रहरू: प्रभुका निम्ति
एक दिन हजार वर्ष जस्तै अनि हजार वर्ष एकदिन
जस्तै हो। [9]जस्तो अरू मानिसहरूले सुस्त बुझेका छन्,
प्रभु आफ्नो प्रतिज्ञा पुरा गर्न सुस्त हुनु हुँदैन। तर
परमेश्वर, तिमीहरू प्रति धैर्यवान हुनुहुन्छ। कुनै पनि
व्यक्ति हराओस् भनी परमेश्वर चाहनु हुन्न। परमेश्वर

---

**"जब एउटा … फर्की आउँछ"** हितोपदेश २६:११।

इच्छा गर्नु हुन्छ कि हरेक व्यक्तिले आफ्नो हृदय
परिवर्त्तन गर्नु पर्छ अनि पाप गर्न बन्द गर्नु पर्छ।

१०तर, त्यो दिन जब परमप्रभु आउनु हुन्छ, चोर
जस्तै एक अचम्म प्रकारले आउनु हुनेछ। आकाश
एक प्रबल गर्जनले अदृष्य हुनेछ। आकाशमा भएका
सबै थोकहरू आगोले नष्ट पार्नेछ। अनि पृथ्वी एवं
यसमा भएका सबै थोकहरू आगोले जलाउनेछ। ११यसर्थ,
मैले भनेको जस्तै हरेक कुरा नष्ट हुनेछ। यसर्थ तिमी
कस्तो किसिमको मानिस हुनुपर्छ? तिमीहरूले पवित्र
जीवन जिउनु पर्छ अनि परमेश्वरको सेवा गर्नुपर्छ।
१२तिमीहरूले परमेश्वरको दिनको प्रतिक्षा गर्नु पर्छ।
तिमीहरूले त्यो दिनको आगमनको दृढ़तासँग चाहना गर्नु
पर्छ। जब त्यो दिनको अगमन हुन्छ, आकाशहरू
अग्निले ध्वंश पार्नेछ, अनि आकाशहरूको हरेक वस्तु
उत्तापद्वारा पग्लने छन्। १३तर परमेश्वरले हामीलाई
प्रतिज्ञा गर्नु भएको छ। अनि हामी उहाँको प्रतिज्ञाको
प्रतीक्षा गरिरहेका छौ। एक नयाँ आकाश अनि एक
नयाँ पृथ्वी। त्यस स्थानमा भलोपन स्थापना हुनेछ।

१४प्रिय मित्रहरू, हामी यस्तो घटना घट्ने प्रतीक्षा
गरिरहेका छौ। यसर्थ पापरहित अनि दोषरहित रहनु
तिमीहरू प्रगाढ़ प्रयत्न गर। परमेश्वरसित शान्तिमा रहने
प्रयास गर। १५स्मरण राख कि हामीहरू बँचाइएका छौ,
किनभने हाम्रा प्रभु धैर्यवान हुनुहुन्छ। हाम्रा प्रिय भाइहरू
पावलले तिमीहरूलाई त्यही कुरा भन्नु भयो जब उनले
परमेश्वरले प्रदान गर्नु भएको ज्ञानद्वारा तिमीहरूलाई
लेख्नु भयो। १६पावलले यी कुराहरूको बारेमा उनका
सबै पत्रहरूमा यस्ता लेख्छन्। उनको पत्रहरूमा केही
विषयहरू बुझ्नु गाह्रो पर्छ। कोही मानिसहरू ती कुराहरूलाई
भूल प्रकारले व्याख्या गर्छन्। कोही मानिसहरू अज्ञानी
अनि विश्वासमा दुर्वल छन्। ती मानिसहरू नै अन्य
धर्मशास्त्रहरू पनि झूटो प्रकारले व्याख्या गर्छन्। तर
तिनीहरूले त्यसो गरेर स्वयंलाई नै नष्ट गरिरहेका
हुन्छन्।

१७प्रिय मित्रहरू, तिमीहरूले यस विषयमा पहिल्यै
जानेका छौ। यसर्थ होशियार बन। ती दुष्ट मानिसहरूलाई,
तिनीहरूलाई भूल शिक्षातिर लान नदेऊ। सावधान बन,
जसद्वारा तिमीहरू आफ्ना दृढ़ स्थितिबाट झर्ने छैनौं।
१८तर हाम्रा प्रभु अनि उद्धार कर्त्ता येशू ख्रीष्टको
अनुग्रह अनि ज्ञानमा अघि बढ़। अहिले अनि सधैँको
निम्ति उहाँमा महिमा रहोस्। आमिन।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html